जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः १६६ पृष्ठः ४ | २०८१ कार्तिक १२ गते सोमबार (Monday 28 Oct. 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## मिर्चैया प्रहरीले विभिन्न समयमा बरामद गरेको ५ क्विन्टल बढी गाँजा जलाए



सिरहा, ११ कार्तिक। इलाका प्रहरी कार्यालय मिर्चैयाले विभिन्न समयमा बरामद गरेको ५ क्विन्टलभन्दा बढी गाँजा जलाएर नष्ट गरेका छन्। प्रहरीले जिल्ला प्रशासन, जिल्ला अदालत, स्थानीइ नजप्रतिनिधी र सञ्चारकर्मीहरुको रोहवरमा आज मिर्चैया नगरपालिका ७ जिवाखोलामा ५ क्विन्टल १९ केजी गाँजा जलाएर नष्ट गरेका हुन्। इलाका प्रकरी कार्यालय मिर्चैयाका प्रमुख डीएसपी पंज कुमार बाखुले आवश्यक सवै कानुनी प्रकृया पुरा गरेर आज गाँजा आगो लगाएर नष्ट गरिएको जानकारी दिए। प्रहरीले गत भदौ २३ गते कर्जन्हा नगपालिका ११ बाट २ क्विन्टल ९० केजी २१ गते २ क्विन्टल १७ किलो गाँज बरामदगरेको थियो। अन्य समयमा बरादसहित करिव ३७ वटा पोकामा रहेका ५ क्विन्टल १९ केजी गाँजा नष्ट गरेको प्रहरीको भनाई छ।

## दीपावलीमा जम्छ रङ्गीन डोरीको बजार



लहान, ११ कार्तिक। तिहारमा गोवर्धन पूजाका दिन गाईभैंसी तथा बाख्रालाई नयाँ रङ्गीन डोरी लगाउने चलन छ। त्यसका लागि सिराहा नरहा-१, देवीपुरका तत्मा समुदाय बजारमा नयाँ डोरी गर्दामी ( गाईवस्तुको घाँटीमा बाँध्ने) बेच्न व्यस्त छन्। लहानको मुख्य चोकमा डोरी बेचिरहेका लालचन्द्र दास, शिवु दास र परशुराम दासले वर्षमा एक पटक जमेर चल्ने यो पुर्ख्यौली पेसालाई जीवन्तता दिएको छ। साथै यसको बिक्रीबाट केही आम्दानी गर्न सकिन्छ कि भने उद्देश्यले सिरहाको लहान, गोलबजार र मिर्चैया बजार क्षेत्रमा त्यस गाउँका दुई दर्जन युवा अहिले यस व्यापारमा लागेको बताए।

"केही दशकपहिले दीपावलीको समयमा प्रतिघर ५० हजारभन्दा बढी आम्दानी गर्दथ्यौँ। अहिले १०-२० हजार कमाइ गर्न पनि मुस्किल भइरहेको छ," ७० वर्षीय लाभन्द दासले सुनाए। "पुर्ख्यौली पेसा भएकाले छाड्न सकिएको छैन। पशुपालन ह्वात्तै घट्यो। किसानले गोरुको सट्टा ट्याक्टरबाट खेती गर्न

**-बाँकी दुई पेजमा**

## जनकपुर चुरोट कारखाना निजीकरण गर्ने षड्यन्त्र हुँदैछ : नेता निधि

जनकपुर, ११ कार्तिक। नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले वर्तमान मधेस प्रदेश सरकारको मधेस-प्रदेश भवनले परिचित जनकपुर चुरोट कारखाना निजीकरण गर्ने षड्यन्त्र भइरहेको आरोप लगाएका छन्। आइतबार बिहान जनकपुरधाम विमानस्थलमा कुरा गर्दै उनले सो आरोप लगाएका हुन्। उनले भने, "म गृहमन्त्री हुँदा सरकारसँग निर्णय गराएर प्रदेश मातहत ल्याउनुपर्ने गरी प्रक्रिया अगाडि बढाएको थिएँ र सो क्रममा जिल्ला प्रशासन कार्यालय धनुषाको मातहत चुरोट कारखानालाई ल्याइएको छ।" सरकारले पुनः जनकपुर चुरोट कारखानालाई निजीकरण गरिरहेको कुरा आफूले दुई तीन दिनदेखि सुन्दै आएको

**-बाँकी तीन पेजमा**

## दीपावली गर्दा सतर्क रहौं

**दीपावलीको समयमाः**

- मैनबत्ती, दियो तथा विद्युतीय बत्ती प्रयोग गर्दा आगजनी हुन सक्छ, त्यसबाट बच्नः
- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- बालबालिकाले भेट्ने गरी दियो, मैनबत्ती लगायतका प्रज्वलनशील पदार्थ नराखौं,
- पर्दा वा झ्याल ढोकाको नजिकै तथा काठका फर्निचरमाथि दियो तथा मैनबत्ती नबालौं,
- मैनबत्ती, दियो बालिसकेपछी ननिभेसम्म निगरानी गरौं,
- धेरै विद्युतीय बत्तिको प्रयोग गर्दा ओभरलोडका कारण विद्युत सट भई आगलागी हुन सक्छ,
- एक्सटेन्सन प्लगको क्षमताअनुसार मात्र वत्तिको प्रयोग गरौ,
- पटाका तथा अन्य प्रज्वलनसील बस्तुको प्रयोग नगरौ, आगजनीबाट बचौ र बचाऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 9801591693 | 9819784901



**CITY TRADE CONCERN**
Hero Showroom Lahan-3, Global Bank को तल, पूर्व बस स्टेण्ड
Contact No. 033-565201, 565202, 9852831698

# सम्पादकीय

## उद्योगको बोझ घटाऊ !

अर्थ मन्त्रालयको निजीकरण समितिले 'बन्द, रुग्ण र कार्यसम्पादन कमजोर' भएका सार्वजनिक क्षेत्रका संस्थानको निजीकरण गर्ने प्रस्ताव गरेको छ। समितिले जनकपुर चुरोट कारखाना, हेटौँडा कपडा उद्योग, विराटनगर जुट मिल, गोरखकाली रबर उद्योग, उदयपुर र हेटौँडा सिमेन्ट कारखानालगायतको निजीकरण प्रक्रिया सुरु गर्न सरकारलाई प्रस्ताव गरेको हो। रुग्ण, बन्द, कार्यसम्पादन कमजोर भएका उद्योगहरूको निजीकरण गर्ने निजीकरण समितिको निर्णय अर्थतन्त्रलाई सही दिशामा गतिशील गराउन सही निर्णय हो। तर, राजनीतिमा प्रभावशाली भूमिका भएको एउटा जमात भने निजीकरणको नाम सुन्नेबित्तिकै तर्सन्छ। त्यस जमातले त निजीकरण भनेकै राज्यको ढुकुटी लुट्ने प्रपञ्चमात्रै हो भन्ने ठान्छ।

खुला अर्थतन्त्र अपनाएसँगै नेपाली कांग्रेसको सरकारले राज्यको स्वामित्वमा सञ्चालित केही उद्योग धन्दाको निजीकरण गर्‍यो। तर, नेपाली कांग्रेसकै एउटा समूहदेखि सबैजसो विशेषगरी कम्युनिस्ट पार्टीका नेताहरूले त्यसविरुद्ध कोकोहोलो मच्चाए। निजीकरणको औचित्य र आवश्यकतामै प्रश्न उठाउँदै जति घाटा भए पनि राज्यले नै उद्योग व्यापार निजीकरण गर्नु हुन्न भन्ने भाष्य बनाइयो। त्यसपछि बर्सेनि अर्बौं रुपियाँ घाटा बेहोरेर पनि बन्द, रुग्ण वा घाटामा रहेका उद्योग धन्दाको भारी सरकारले बोकिरह्यो। कुनै सरकारले पनि निजीकरणको प्रक्रिया दृढतापूर्वक अगाडि बढाउने आँट गरेन। बरु, कारखाना बन्द भएको वर्षौंसम्म पनि कर्मचारीलाई तलब दिनकै लागि राज्यको ढुकुटीबाट सरकारले निकासा दिइरह्यो।

राजनीति गर्नेहरूका लागि जनताको करको अपव्यय बरु स्वीकार्य भयो तर त्यसको व्यवस्थापन गरेर राज्यले लाभ लिने उपाय मन्जुर भएन। अहिले पनि निजीकरण विरोधी त्यही पाखण्डी सोच राजनीतिमा बलियो छ। यसैले अहिले सुरु गरिएको प्रक्रिया पनि टुंगोमा पुग्छ भनेर ढुक्क हुने ठाउँ देखिँदैन। अर्कातिर मुलुकफे यस्ता अनुत्पादक बोझ थान्न सक्ने अवस्था छैन। राजस्वले सामान्य खर्चसमेत थेग्न नसक्ने स्थिति छ। भौतिक संरचनामात्रै होइन सामाजिक विकासका लागि समेत वैदेशिक ऋण र अनुदानको भर पर्नु परेको देखिन्छ। यसैले राज्यले सकिने जति यस्ता अनुत्पादक बोझ घटाउनु अपरिहार्य भइसकेको छ।

आशा गरौं, यसपटक सुरु गरिएको प्रक्रिया टुंगोमा पुग्नेछ। कुनै पाखण्डी जमातको खोक्रो विरोधसँग डराएर सरकारले प्रक्रिया स्थगित नगरोस्। भिडको हल्लाबाट नडगमगाउन भने सरकारसँग नैतिक शक्ति आवश्यक हुन्छ। त्यसका लागि निजीकरण प्रक्रियालाई सबै चरणमा पारदर्शी बनाएर संलग्न कसैको पनि व्यक्तिगत स्वार्थ नगाँसिने सुनिश्चित गर्नुपर्छ।




## दीपावलीमा ...

थालियो। गाउँघरमा पशु पाल्ने मानिसको संख्या घटेपछि हाम्रो व्यापार सङ्कटमा पर्न गइरहेको छ।" गाईभैँसी र बाख्राको सनपाटको डोरी वर्षभरिका लागि खरिद गर्ने किसान हार्डवेयर पसलमा पाइने प्लास्टिकको डोरी प्रयोग गर्न थालेपछि दीपावली बाहेक अन्य समयमा आफूहरूबाट खरिद गर्नेहरू नभएको उनले बताए।

डोरी र गुन्द्री बुनेर वर्षभरि कमाइ भइरहने तत्मा समुदायको पेसा सङ्कटमा परिसकेको परशुराम दासले बताए। "सनपाटको खेती पनि गर्न किसानले छाडेपछि दीपावलीको डोरी बनाउन सप्तरीको कञ्चनपुरबाट सनपाट ल्याएर एक महिनाअघिदेखि रङ्गीन डोरी बनाएर बेच्दा हरेकले २० हजारसम्मको कमाइ गर्ने आस छ," उनले सुनाए। तत्मा समुदायबाट प्रदेश सभाका सदस्य रहनुभएकी ललिता दासले दलित समुदायले गुजारा गर्ने पुर्ख्यौली पेसा सङ्कटमा परिरहेकाले पेसालाई जोगाउनुपर्ने आवश्यकता रहेको बताए। उनका अनुसार ट्याक्टर, जेसिबी आएपछि माटो समाउने मुसहर समुदायको पेसा हरायो नै। मुसहर समुदायको घरमा टाला र कोदालीसमेत देखिँदैन। यसै गरी तत्मा समुदायको गुन्द्री र डोरी बनाउने पेसा पनि प्लास्टिकको डोरीले खाइदियो। यस विषयमा प्रदेश सरकारको ध्यान केन्द्रित आफूले पटक पटक गराइरहे पनि कुनै वैकल्पिक रोजगारी दिइने काम भइरहेको छैन।

कुम्हार, मल्लाह, तमाङ्क र डुम समुदायले पुर्ख्यौली पेसा दीपावली, छठ र धार्मिक कार्यमा प्रयोग हुने माटो र बाँसजन्य सामग्री जसोतसो टिकेको दलित अगुवा नेनीलाल रामले बताए। उनले थपे, "पुर्ख्यौली पेसाको संरक्षण गरिदिन कुनै पनि कार्यक्रम तिनै तहको सरकारको प्राथमिकतामा नहुनु चिन्ताको विषय बनिरहेको छ।"

# बक्यौता नतिरेसम्म उद्योगमा बिजुली जोड्न सकिँदैन : कुलमान घिसिङ



काठमाडौं, ११ कार्तिक। नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड र ट्रङ्क लाइनको महसूल नतिर्ने ३२ वटा उद्योगको लाइन काटेको छ। विद्युत् प्राधिकरणले लाइन काटेपछि उद्योगहरूबाट हुने उत्पादन ठप्प छ। प्राधिकरणले उद्योगहरूको लाइन काट्नुअघि महसूल तिर्न ९० दिनको समयसीमा दिएको थियो। तर उद्योगीहरूले समय अवधिमा महसूल नतिरेपछि प्राधिकरणले लाइन काटेको छ। प्राधिकरणले किस्ताबन्दीमा महसूल बुझाउन छुट दिने भएपछि आठ वटा उद्योगले महसूल बुझाएका छन्। डेडिकेटेड र ट्रङ्क लाइनको महसूलको विषयमा उद्योगी व्यवसायीहरूमाथि प्राधिकरणका कार्यकारी निर्देशक आक्रामक बनेको, उद्योगी व्यवसायीहरूको कुरा नै नसुनेको, मागेको बिल पनि नदिई बारम्बार उद्योग नै बन्द हुनेगरी बिजुलीको लाइन काट्ने काम गरेको आरोप छ। नेपालले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङसँग गरेको कुराकानीको सम्पादित अंश–

**फिरौती नभई उद्योगले प्रयोग गरेको बिजुलीको महसूल उठाउन लागेका हौँ**

नेपाली नागरिकलाई १८ घण्टासम्म लोडशेडिङमा राखेर उद्योग चलाएबापत नेपाल विद्युत् प्राधिकरणले बक्यौता रकम उठाउन खोजेको राज्यको राजस्व हो। प्राधिकरणले राजस्व उठाउन खोज्दा कसरी फिरौती मागेको हुन्छ ? हामी सबै बाँकी बक्यौता रकम उठाउनुपर्छ भनेर लाग्नुपर्ने होइन ? सबै निकाय जिम्मेवार छैनौँ ? विद्युत् प्राधिकरण, ऊर्जा मन्त्रालय र सरकार सबै निकाय जिम्मेवार छौँ। उद्योगहरूसँग डेडिकेटेड र ट्रङ्क लाइनको बक्यौता रकम उठाउनुपर्छ भनेर लागेका छौँ। उद्योगको लाइन काट्दा मन्त्रिपरिषद्बाट पटक–पटक लाइन जोड्न निर्देशन आयो। त्यसपछि प्राधिकरणले उद्योगमा लाइन जोड्दै आएको हो। त्यसपछि अहिले अन्तिम पटक उद्योगहरूको लाइन काटेको छौँ।

**सबैतिरबाट प्राधिकरणलाई डेडिकेटेड र ट्रङ्क लाइनको बक्यौता रकम उठाउन निर्देशन छ**

अब कति समयका लागि रोक्ने हो ? ५/६ वर्ष भइसक्यो। प्राधिकरणले उद्योगहरूलाई पटक–पटक समय दिएको छ। व्यवसायीहरूलाई विभिन्न निकायमा जाने अवसर पनि दिएका छौँ। उद्योगी व्यवसायीहरू अदालत, मन्त्रिपरिषद्, संसदीय समितिदेखि सबै निकायमा जानुभएको छ। तर सबैतिरबाट प्राधिकरणलाई डेडिकेटेड र ट्रङ्क लाइनको बक्यौता रकम उठाउन निर्देशन भएको छ। प्राधिकरणले अन्तिम पटक तीन महिनाका लागि प्रधानमन्त्रीको अनुरोध र नियमन आयोगले बिजुलीको लाइन नकाट्नु भनेकाले हामीले जोडेका थियौँ। प्राधिकरणले लाइन काटेको चौथो पटक हो। तीन महिना समय दिँदा पनि उद्योगी व्यवसायीहरूले केही पनि गरेनन्। व्यवसायीहरूले समय थप गर्न माग गरे। न त सरकारका कुनै निकायले समय थप गर्न निर्देशन दियो। कतैबाट पनि केही नभएकाले विद्युत् प्राधिकरणको व्यवस्थापकीय दायित्वअनुसार प्राधिकरणको बोर्डले तत्काल बिजुलीको महसूल उठाउनु भनेकाले प्राधिकरणले लाइन काटेर बक्यौता उठाउन खोजेको हो।

**प्राधिकरणले उद्योगी व्यवसायीहरूसँग राजनीतिकीकरण गरेको छैन**

प्राधिकरणले उद्योगी व्यवसायीहरूसँग राजस्व उठाउन खोज्दा कसरी राजनीतिकीकरण हुन्छ ? मैले किन राजनीतिक गर्ने ? प्राधिकरणको बक्यौता उठाउने विषय व्यावसायिक हो। उद्योगीहरूले उद्योगमा खपत गरेको बिजुलीको महसूल प्राधिकरणले उठाउन खाजेको विषय कसरी राजनीतिक हुन्छ ? प्राधिकरणले महसूल उठाउन अन्तिम पटक तीन महिनाको समय दिएको थियो। तीन महिन समय सकिएपछि पनि बक्यौता रकम नआएपछि प्राधिकरण लाइन काट्न बाध्य भएको हो। राजनीतिकीकरण उद्योगी साथीहरूले गर्नुभएको छ। विधि प्रक्रियालाई मिचेर सिधा संसद्, मन्त्रिपरिषद्, राजनीतिक दलहरूकोमा पुगेर विभिन्न किसिमका दबाब सिर्जना गर्ने काम उद्योगीहरूले गरेका छन्। विधि, प्रक्रियामा उद्योगीहरू नआएर सिधै अदालत जाँदा सबै मुद्दा अदालतले खारेज गरेको छ। प्राधिकरणले राजनीतिकीकरण किन गर्ने ? प्राधिकरणलाई डेडिकेटेड र ट्रङ्क लाइनको विषयमा राजनीतिकीकरण गर्नुपर्ने बाध्यता पनि छैन। गरेका पनि छैनौँ। शेरबहादुर देउवा, पुष्पकमल दाहाल प्रचण्ड र केपी शर्मा ओली प्रधानमन्त्री भएको पालामा उद्योगहरूको बिजुलीको लाइन काटेका छौँ। प्रचण्ड सरकारको पालामा २४ दिनसम्म लाइन काटेका थियौँ। अहिले मात्रै लाइन काटेको भए राजनीतिकीकरण गरेको हुन्थ्यो। संसद्को लेखा समितिमा किन बक्यौता रकम नउठाएको भन्दै प्रश्न उठेको छ।

**२८ महिनाको बाँकी बक्यौता रकम नतिरेसम्म प्राधिकरणले उद्योगहरूमा लाइन जोड्दैन**

बक्यौता रकम नउठाएकाले प्राधिकरणका निर्देशकलाई कारबाही गर्नुपर्छ भन्नेसमेतको आरोप लागेको छ। प्राधिकरणले डेडिकेटेड र ट्रङ्क लाइनको बाँकी बक्यौता रकम नउठाउने भनेका छैनौँ। प्राधिकरणले बक्यौता उठाउन खोज्दा पटक–पटक माथिल्लो निकायबाट निर्देशन भएको अवस्था छ। प्राधिकरणको अन्तिम विकल्प भनेको उद्योगहरूको बिजुलीको लाइन काट्ने हो। उद्योगहरूले डेडिकेटेड र ट्रङ्क लाइनको २८ महिनाको बाँकी बक्यौता रकम नतिरेसम्म विद्युत् प्राधिकरणले लाइन जोड्दैन।

**सरकारको निर्देशन मानेको छु**

सरकारको निर्देशन नमानेको भए तीन पटकसम्म उद्योगहरूको लाइन काटेर जोड्ने थिएनौँ। सरकारको निर्देशन पालना गरेर प्राधिकरणले तीन महिनासम्मका लागि म्याद दिएर लाइन जोडेको हो। विद्युत् प्राधिकरण ऐनअन्तर्गत नेपाल सरकारको निर्देशन विद्युत् प्राधिकरणले मान्नुपर्छ। नियमसम्मत हुने सरकार, मन्त्रिपरिषद्, मन्त्री सबैको निर्देशन पालना गरेका छौँ। तर विधिभन्दा बाहेक भयो भने माथिल्लो निकायको लिखित निर्देशन माग्ने गरेका छौँ। प्राधिकरणलाई विगत सात वर्षदेखि पारदर्शी र व्यावसायिक निकायका रूपमा चलाउनुपर्छ भनेर त्यहीअनुसार सञ्चालन भइरहेको छ। गलत निर्देशन भए गर्न मिल्दैन भनेर सम्झाउने काम गरेको छ। प्राधिकरणका हरेक क्रियाकलाप सरकार र विभागीय मन्त्रीको निर्देशनअनुसार प्राधिकरणको बोर्डले गरेको हुन्छ। कानूनी रूपमा वैधानिक आधारमा काम गर्छौँ।

**प्राधिकरणले उद्योगको लाइन सधैँका लागि काटेको होइन**

अब उद्योगको बिजुली जोड्ने र काट्ने किन गर्ने ? बिजुली जोड्ने र काट्ने विषयले समाधान ल्याउँदैन। जबसम्म समाधान हुँदैन तबसम्म उद्योगहरूको बिजुली जोड्ने र काट्ने भन्ने दोहोरिँदैन। डेडिकेटेड र ट्रङ्क लाइनको बक्यौता रकमको समाधान हुनुपर्छ। बिजुलीको लाइन काटेपछि आठ वटा उद्योगले बक्यौता तिरेका छन्। प्राधिकरणले उद्योगको लाइन सधैँका लागि काटेको होइन। प्राधिकरणले २८ किस्ता दिएको छ। सबै पैसा एकमुष्ट दिनु पनि भनेका छैनौँ। पहिलो किस्ताको रकम प्राधिकरणलाई तिरेको एक घण्टाभित्र लाइन जोडिन्छ। उद्योगहरूले पैसा तिर्दैनौँ भनेर हुँदैन।

**विवाद ल्याउने काम गरेको छैन**

डेडिकेटेड र ट्रङ्क लाइनको बक्यौता मेरो कार्यकालमा सिर्जित भएको विषय होइन। मभन्दा पहिलाको कार्यकालमा सिर्जित समस्या हो। त्यो बेला डेडिकेटेड र ट्रङ्क लाइनको महसूल तोकेर बिल नगरेको अवस्था छ। म आएपछि बिल गरेको अवस्था हो। उद्योगहरूले प्रयोग गरेको बिजुलीको अर्बौं बक्यौता उठाउन लाग्दा विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक कुलमान घिसिङले के गर्न लाग्यो भनेर चर्चा गरेको कुरा मैले बुझेको छैन। मैले कुनै पनि विवाद ल्याउने काम गरेको छैन। बिजुलीको महसूल जसरी भए पनि उठाउनुपर्छ। विद्युत् प्राधिकरणका सबै कर्मचारी महसूल उठाउनुपर्छ भन्ने कुरामा एक छौँ।

**जिम्मेवार व्यक्तिहरूले प्राधिकरणले काटेको बिल ठीक छैन भन्नु गलत**

विभिन्न फोरममा जिम्मेवार व्यक्तिहरूले प्राधिकरणले काटेको बिल ठीक छैन भन्ने गरेको कुरा आइरहेको छ। बिल शतप्रतिशत ठीक छ। बिल कुनै बनावटी होइन। खपत नगरेको बिजुलीको महसूल किन तिर्ने भनेर प्रश्नहरू गर्ने गरिएको छ। प्राधिकरणले उद्योगहरूलाई खपत गरेको युनिटको मात्रै बिल गरेको छ। यो प्राधिकरणमा रेकर्ड छ। उद्योगहरूले सामान्य बिल तिरेका थिए। त्यही युनिटमा प्राधिकरणले डेडिकेटेड र ट्रङ्क लाइनको प्रिमियम शुल्क नतिरेको हुनाले त्यो मात्रै लगाएको हो। खपत नगरेको बिल कसरी तिर्ने भन्ने होइन।

# ठकाई सदाको साँघुरो घरमा फराकिला दुःख !

## नागरिकता नहुँदा हुँदैन छोराको बिहे

**शैलेन्द्र महतो**



जनकपुरधाम, ११ कार्तिक। धनुषाको लक्ष्मीनियाँ गाउँपालिका–२, सिनुरजोडा मुसहर बस्तीका ठकाई सदा जेठो र माइलो छोराको बिहे गरी बुहारी भित्र्याउन चाहन्छन्। उनका ९ सन्तानमध्ये ३ जना छोरा २० पारि भइसकेका छन्, त्यसैले पनि उनी घरमा बुहारीको पर्खाइमा छन्। जेठो छोरो २४ वर्ष, माइलो २२ वर्षीय अशोक र साइँला २० वर्षीय सरोज। ठकाईकी श्रीमती ४६ वर्षीया राजोदेवी सदा बेलाबेला बिरामी परिरहन्छिन्। चारवर्षदेखि जेठो छोरा रोशनको बिहे गर्न चाहेपनि कुनै मुसहरले उनको घरमा छोरी दिन चाहेका छैनन्। कारण हो–एक त साँघुरो घर, त्यसमाथि छोराहरुको नागरिकता नहुनु। 'म बिरामी परिरहन्छु। खाना पकाउन, घरधन्दा गर्न समस्या हुन्छ। खाना पकाउन सकिरहेको हुँदिन तर पनि जसोतसो मलाई नै गर्नुपर्छ', राजो सदा दुखेसो सुनाउँछिन्, 'छोराहरुको बिहे गर्न चाहन्छु। बिहेको कुराकानी चल्छ, अगाडि बढ्छ। तर अन्तिममा छोराहरुको नागरिकता नै छैन भन्ने थाहा पाएपछि बेटीबाला पछाडि हट्छन्। घरको समस्या त छँदै छ।'

गत वर्ष मात्र १८ वर्षीया छोरी आशाको बिहे भयो। उनी आफ्नो घर गइन्। राजोले जेठो छोरा रोशनको बिहे गर्न चाहेको चार वर्ष भयो। उनको डेढधुर ऐलानी जग्गामा माथि जस्ता हालेको साँघुरो पक्की घर छ। राजोका अनुसार यो घर पनि चार वर्षअघि रेडक्रसले बनाइदिएको हो। वर्षासँगै आएको हावाहुरीले फुसको घर उडाएपछि परिवार संकटमा परेको थियो। हिलोमा बालबच्चाहरूको बिजोग देखेर दया लागेपछि सपहीकी पुनम भन्ने व्यक्तिको पहलमा रेडक्रसले पक्की घर बनाइदिएको राजो बताउँछिन्। उहिलेदेखि उनको परिवारलाई ठूलो राहत महसुस भयो। त्यसमै छ अन्नपात, लताकपडा, भान्छा। तर, बालबच्चाहरु बढ्दै जाँदा घर साँघुरो बन्यो। घरमा सबै अटाउँदैनन्। त्यस कारण ठकाई र तीन ठूला छोरा नजिक रहेको सार्वजनिक ढलान अथवा छिमेकीको घरमा ओत लागेर रात काट्छन्। ६ जनाको परिवार साँघुरो घरमै गुटुमुटु परेर रात बिताउने गरेको राजो बताउँछिन्।

'सानो घर छ। यसमै सबै सामान छ। बालबच्चा ठूलो हुँदै गएपछि सुत्न सबैजना अँट्दैनन्। त्यस कारण तीनजना छोरा र पति छिमेकको घर र सामुदायिक ढलानमा गएर सुत्नु पर्छ। ६ जना यसमै जसोतसो सुत्छौं', राजो भन्छिन्। जेठो रोशन र माहिलो अशोक भारतको मद्रासमा मजदुरी गरिरहेका छन्। रोशन चैतमा र अशोक रक्षाबन्धनमा मद्रास पुगे। त्यहाँ पनि नेपाली भएको प्रमाणपत्र खोज्दा उनीहरु समस्यामा पर्ने गरेको ठकाईको भनाइ छ। ठकाइ र उनका साइँलो छोरा गाउँमै बनिबुतो गर्छन्। ठकाइ र तीन छोराको कमाइले उनको परिवारको छाक टर्छ।

६ छोरा र ३ छोरीसहितको ९ जनाको परिवारको पालनपोषण र भविष्यको चिन्ताले ठकाइ र राजोलाई सधैं पिरोलिरहन्छ। उनीहरु कसैको जन्मदर्ता र नागरिकता छैन। गरिबी, विपन्नता र अशिक्षाको चपेटामा त ठकाइको परिवार पहिलेदेखि नै पिल्सिएका छन्। छोराहरु रोशन, अशोक, सरोज र छोरी आशा बाहेक उनका अन्य पाँच सन्तानहरू छोराहरु १६ वर्षीय लक्ष्मी, १२ वर्षीय उत्तिम, ८ वर्षीय राजेश, छोरीहरु ६ वर्षीया सुनैना र ४ वर्षीया कान्छी प्रीति छन्। मुसहर बस्तीमै दलित राष्ट्रिय प्राथमिक सामुदायिक विद्यालय छ। सबैका छोराछोरी विद्यालयमा पढ्छन्। तर ठकाईका छोराछोरीहरु पढ्न पाएका छैनन्। पढ्ने उमेरकाले जन्मदर्ता अभावमा विद्यालयले भर्ना नलिँदा खेलेर दिन बिताउन बाध्य छन्।

बालपोषण भत्ताबाट समेत सबै छोराछोरी वञ्चित भए। अन्यका छोराछोरी पढेको देख्दा ठकाई र राजोलाई पनि आफ्नो बालबच्चा पढून् भन्ने चाहन्छन् । तर विद्यालयले भर्ना नलिँदा छोराछोरीको भविष्यको चिन्ताले पिरोलिएका छन्, ठकाई दम्पती। 'छोराछोरीलाई पढाएर राम्रो भविष्य बनाइदिने कुन आमाबुबाको चाहना हुन्न र ? तर स्कुलमा जाँदा भर्ना लिन जन्मदर्ता खोज्छ। त्यसैले कसैले पढ्न पाएका छैनन्', ठकाई सुनाउँछन्। जन्मदर्ता भएको भए छोराछोरी पढ्थे, छोराहरुको नागरिकता भए विदेश जान पाएर घरको आर्थिक स्थिति सुधार हुन्थ्यो भन्ने चाहना राजोको छ। आफ्नै नागरिकता नहुँदा छोराछोरीको जन्मदर्ता र नागरिकताविहीन हुनुपरेको छ।

***

बसिरहेको घर भएको बस्ती राजोको माइत हो। १५ वर्षकै उमेरमा राजोको बिहे धनुषाको क्षिरेश्वरनाथ नगरपालिका–३, पर्सा पकडियाका ठकाईसित भयो। बिहे हुँदा ठकाईको बुबा बुधन सदा र आमा बितिसकेका थिए। राजोलाई माइतले डेढधुर ऐलानी घडेरी बस्न दियो। त्यसमै छाप्रो बनाएर ठकाई र राजो बस्न थाले। त्यसपछि ९ छोराछोरीको जन्म भयो। ठकाइका अनुसार आफ्नो बुबा बुधन सदाको नागरिकता थियो। तर घरमा खोज्दा भेटिएन। आफ्नो नागरिकता बनाउन उनले प्रयास नगरेका होइनन्। बुबाको नागरिकता विवरण जिल्ला प्रशासन कार्यालय धनुषामा होला ठानेर ठकाइ कयौंपटक त्यहाँ धाए। तर, कर्मचारीहरूले वास्ता नगरेको उनको दाबी छ।

'ढामा नाम छैन' भन्दै कयौंपटक निराश फर्काएको ठकाई गुनासो गर्छन्। 'मेरो बुबाको नागरिकता थियो। विवरण खोज्न धेरै दिन सीडीओ कार्यालय गएँ। कर्मचारीसित हात जोडेर बुबाको नाम खोज्न हारगुहार गरें। तर कर्मचारीले भेटेन भनेर फर्काइरहे। अन्तमा थाकेर जान छाडिदिएँ', ठकाइको गुनासो छ। यता राजोको माइत पक्षले पनि उनको नागरिकता बनाउन चासो नदेखाएको स्थानीयहरु बताउँछन्। राजोको बुबा घुरन सदा र आमा घुरनी सदाको नागरिकता थियो। माइतले चाहेको भए राजोको कुमारी नागरिकता बन्न सक्थ्यो। 'चाहेको भए राजोको नागरिकता माइती पक्षबाट बन्थ्यो। तर यताबाट कसैले ध्यान दिएनन्', वीरेन्द्रले भने।

जन्मदर्ता र नागरिकता अभावले राजोको परिवारको अवस्था देखेर उनका छरछिमेकहरु पनि चिन्तित छन्। 'नागरिकता र जन्मदर्ता नहुँदा राजोको परिवारलाई दुखैदुःख छ। बालबच्चाहरू पढ्न पाएका छैनन्। छोराको बिहे भइरहेको छैन। तर कसैले उनको समस्याप्रति ध्यान दिँदैनन्', छिमेक देवकी सदा भन्छिन्। स्थानीय गुजरीदेवी सदाका अनुसार बस्तीमा सरकारी स्तरबाट केही राहत आउँदा राजोको परिवारलाई मुख ताक्नु पर्छ। नागरिकता नहुँदा सेवासुविधाबाट वञ्चित हुन्छन्। जनप्रतिनिधिहरु पनि चुनावको बेला मात्र बस्ती छिर्छन्। अन्य दिनमा बिरलै मुसहर बस्तीमा देखिने गरेको गुजरी देवीको गुनासो छ।

वडा नम्बर २ का वडाध्यक्ष लालजी साह तेली ठकाई सदा जन्मदर्ता र नागरिकता सम्बन्धी समस्या लिएर आफ्नो सम्पर्कमा नआएको बताए। 'ठकाई म समक्ष जन्मदर्ता नागरिकताको विषय लिएर अहिलेसम्म आएकै छैन। आएपछि न यो विषयमा के कसो छ बुझेर केही गर्छु', उनले भने, 'ठकाईको नागरिकता छैन भने पहिलेको ठाउँबाट सिफारिस गराएर ल्याउनु पऱ्यो।' धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरिया ठकाइ आए उनको पहिलाको विवरण खोजेर अथवा नभेटिए उनको काका पनैमा पनि कसैको नागरिकता भए त्यसलाई नै आधार बनाएर नागरिकता दिन सक्ने बताए।

---

## जनकपुर चुरोट...

जानकारी दिँदै उनले भने, "यो आपत्तिजनक कार्य मात्र होइन यो संघीय विरोधी कदम पनि हो।"

संघीय उद्योगमन्त्रीसँग आफूले यसबारे छलफल गरेको चर्चा गर्दै नेता निधिले भने, "उद्योगमन्त्रीले आफूलाई कारखाना निजीकरण होइन लाइसेन्स नवीकरण गर्नमात्र लागिएको बताउनुभएको छ।" जनकपुर चुरोट कारखानालाई आफू गृहमन्त्री भएकै बेला निर्णय गराएर मधेस प्रदेशको मातहत ल्याइसकेको बताउँदै नेता निधिले यदि सरकारले यस्तो निर्णय गरेमा विरोध गर्ने चेतावनी दिए। उनले मधेस प्रदेश भवन नै नरहने गरी षड्यन्त्रको गन्ध आफूले पाएकाले यसका लागि सबै सतर्क रहन आग्रह समेत गरे। "जनकपुर चुरोट कारखानाको जति पनि सम्पत्ति छ त्यो मधेस प्रदेश सरकारको हो यसमा कुनै दुई मत नरहेकाले निजीकरण अथवा कुनै प्रकारको षडयन्त्र भए यसलाई संघीयता विरोधी कदम भन्दै हामी आन्दोलनमा उत्रिनेछौं", उनले प्रस्ट पारे।

> बालबालिकाले आफै मोबाईल चलाउँदैनन्। अभिभावकले अत्याधिक मोबाईल प्रयोग गर्दा उनीहरुले पनि देखेर सिक्छन् र लत बस्छ।

---

# गर्भावस्थामा आमाको व्यवहारले शिशुको विकासमा कस्तो प्रभाव पार्छ ?

**डा. सचिनकुमार यादव**
प्रसूति तथा स्त्रीरोग विशेषज्ञ



गर्भावस्था महिलाको जीवनको सबैभन्दा विशेष समय हो। यस अवधिमा शारीरिक मात्र होइन, मानसिक रूपमा पनि धेरै परिवर्तन हुन्छ। त्यसैले गर्भावस्थाको नौ महिनामा महिलाले आफ्नो र गर्भमा रहेको बच्चाको विशेष ख्याल राख्नुपर्छ। किनभने यस समयमा आमाको हरेक पाइला, उनको खानपान, मानसिक अवस्था र दैनिक दिनचर्याले बच्चाको विकासमा प्रत्यक्ष प्रभाव पार्छ। गर्भवती महिलाले स्वस्थ र सन्तुलित आहार लिनुपर्छ। आफूलाई तनावमुक्त राख्न नियमित व्यायाम गर्नुपर्छ र ध्यान वा सङ्गीतको सहारा लिनुपर्छ। साथै आमाको मुड, उनको हाँसो र खुसीले पनि बच्चाको मानसिक र भावनात्मक विकासमा महत्वपूर्ण भूमिका खेल्छ। गर्भावस्थाको प्रारम्भिक दिन देखि नौ महिनासम्म गर्भमा बच्चालाई सुरक्षित राख्न के–के कुरा ध्यान थाहा पाउनु राम्रो हुन्छ।

### बच्चामा आमाको मुडको प्रभाव

गर्भावस्थामा महिलाले आफूलाई माया गर्ने र आफ्नो पूर्ण हेरचाह गर्ने समय हो। राम्रो निद्रा लाग्नु, हाइड्रेटेड रहनु र चिकित्सकको सल्लाहअनुसार नियमित चेकअप गराउनु पनि यो समयमा निकै महत्वपूर्ण हुन्छ। गर्भावस्थामा आमालाई खुसी र स्वस्थ राख्नु बच्चाको समग्र विकासका लागि महत्त्वपूर्ण छ। त्यही समयमा, तनाव वा चिन्ता जस्ता नकारात्मक भावनाले आमाको शरीरमा कोर्टिसोल नामक तनाव हार्मोनको स्तर बढाउँछ। जसले बच्चाको न्युरोलोजिकल विकासमा नकारात्मक असर पार्न सक्छ। आफ्नो गर्भमा रहेको बच्चालाई हानि पुऱ्याउने जोखिम कम गर्न आफ्नो तनावको स्तर व्यवस्थापन गर्न महत्त्वपूर्ण छ। व्यायाम, ध्यान, योग र श्वासप्रश्वासको अभ्यासबाट तनावलाई कम गर्न सकिन्छ।

### आहारको प्रभाव

गर्भावस्थामा आमाको आहार बच्चाको शारीरिक विकासका लागि आवश्यक हुन्छ। आमाले उपभोग गर्ने पोषक तत्त्व बच्चामा पुग्छ र उसको विकासलाई सहयोग गर्छ। आमाले खानाबाट सम्पूर्ण पौष्टिक तत्त्वहरू पाएर नै बच्चाको मेरुदण्ड, स्नायु र मस्तिष्क लगायत सम्पूर्ण अंगको विकास हुने भएकाले आमाले खानपानमा विशेष ध्यान दिनुपर्छ। यो अवधिमा आमाले सन्तुलित र पोषणयुक्त आहार लिनु जरुरी छ। हरियो तरकारी, फलफूल, ड्राइफ्रुट र प्रोटिनयुक्त आहार सेवन बच्चाको मस्तिष्क र शरीरको विकासका लागि आवश्यक हुन्छ। साथै जंक फुड वा अत्यधिक तैलीय, मसालेदार खानेकुराबाट बच्नुपर्छ। गर्भवती अवस्थामा प्याकेट फुड, जंक फुड र रसायनयुक्त खानेकुरा खाँदा त्यसमा भएको रसायनले बच्चालाई असर गर्न सक्छ। यस्ता खानेकुरामा पोषणको मात्रा कम हुने भएकाले आमा र बच्चा दुवैको स्वास्थ्यमा प्रतिकूल असर गर्न सक्छ।

### आमाको बानी र बच्चाको विकास

गर्भावस्थामा आमाको जीवनशैलीले पनि बच्चाको स्वास्थ्यमा असर गर्छ। यदि कुनै महिला गर्भधारण हुनुअघि हिंड्ने वा व्यायाम गर्ने गर्थिन् भने त्यसलाई निरन्तरता दिनुपर्छ। गर्भावस्थामा अन्य बेलामा भन्दा हल्का व्यायाम र हिंडडुल गर्नुपर्छ। बच्चाको स्वास्थ्यका साथै यसले आमाको शरीरलाई सक्रिय राख्छ र गर्भावस्थामा तनाव कम गर्छ। यससँगै आमाको सुत्ने र उठ्ने बानी, उनको निद्राको गुणस्तरले पनि बच्चाको विकासमा असर गर्छ। यदि आमाले पर्याप्त निद्रा नपाउँदा बच्चाको मस्तिष्कको विकासमा नकारात्मक असर पार्न सक्छ।

### निष्कर्ष

गर्भावस्थामा आमाको व्यवहार, उनको बानी, खानपान र मानसिक अवस्थाले बच्चाको विकासमा प्रत्यक्ष प्रभाव पार्छ। त्यसैले यस समयमा आमाले आफ्नो ख्याल गर्नुका साथै स्वस्थ र सकारात्मक जीवनशैली अपनाउनुपर्छ। आमा जति खुसी र स्वस्थ हुन्छिन्, बच्चाको शारीरिक र मानसिक विकास त्यति नै राम्रो हुन्छ।

# तराई मधेस समृद्धि कार्यक्रमका लागि दरबन्दी स्वीकृत, तीन वटा कार्यालय खारेज




काठमाडौँ, ११ कार्तिक। सरकारले तराई मधेस समृद्धि कार्यक्रमका लागि तीन जनाको दरबन्दी स्वीकृत गरेको छ। हालै बसेको मन्त्रिपरिषद् बैठकले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत सञ्चालित सो कार्यक्रमका लागि दरबन्दी स्वीकृत गरेको हो। आर्थिक वर्ष २०८१/०८२ का लागि अधिकृतस्तरका तीन जना अस्थायी दरबन्दी स्वीकृत गरेको सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले जानकारी दिए। तराई मधेसको मानव विकास सूचकाङ्कमा तुलनात्मक रूपमा पछाडि परेका स्थानीय तहमा भौतिक पूर्वाधारलगायत विकासका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरी सघन रूपमा आर्थिक, सामाजिक रुपान्तरण गर्न एवम् जनताको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि तथा जीवनस्तरमा सुधार ल्याउन सरकारले यो कार्यक्रम लागू गर्दै आएको छ।

यो कार्यक्रममार्फत आवश्यक विकास कार्यक्रम तर्जुमा गरी सञ्चालन र व्यवस्थापन गरिँदै आएको छ। हाल यो कार्यक्रम तराई मधेका २२ जिल्लाका २७८ स्थानीय तहका दुई हजार ६८७ वटा वडामा सञ्चालित छ। जस अनुसार इलामका दुई, झापाका १५, मोरङका १७, सुनसरीका १२, सप्तरीका १८, सिरहाका १७, धनुषाका १८, महोत्तरीका १५, सर्लाहीका २०, रौतहटका १८, बाराका १६, पर्साका १४, चितवनका सात, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)का आठ, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम)का सात, रुपन्देहीका १६, कपिलवस्तुका १०, दाङका १०, बाँकेका आठ, बर्दियाका आठ, कैलालीका १३ र कञ्चनपुरका नौ वटा पालिकाका विभिन्न वडाहरूमा सञ्चालन हुँदै आएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ।

यस्तै, मुस्ताङको कोरोलास्थित अध्यागमन कार्यालय, दार्चुलाको टिंकरस्थित सीमा प्रशासन र इलामको पशुपतिनगरस्थित संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने निर्णय भएको छ भने दार्चुलाको छाङरु र इलामको पशुपतिनगरस्थित सीमा प्रशासन कार्यालय तथा पशुपतिनगरमै अवस्थित अध्यागमन कार्यालय खारेज गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ।

# प्रहरीले रविको मोबाइल फरेन्सिक जाँचका लागि पठायो

काठमाडौँ, ११ कार्तिक। सूर्यदर्शन सहकारीमा बचतकर्ताले राखेको रकम गोर्खा मिडिया नेटवर्कमार्फत अनियमितता गरेको आरोपमा पक्राउ परेका पूर्वगृहमन्त्री रवि लामिछानेको मोबाइल परीक्षणका लागि प्रहरीले डिजिटल फरेन्सिक ल्याबमा पठाएको छ। जिल्ला प्रहरी कार्यालय, कास्कीले केही दिनअघि उनको मोबाइल जाँचका लागि प्रहरी प्रधान कार्यालय, नक्सालमा रहेको डिजिटल फरेन्सिक ल्याब ( डीएफएल) मा पठाएको हो। डीएफएल जाँचपछि उनको माबाइलबाट डिलिट गरिएका विवरणहरू समेत रिकभर हुनेछ। 'यसबाट डिलिट भएका इमेलसहितका विवरण पनि रिकभर हुन्छन्, अनुसन्धानका क्रममा केही नयाँ प्रमाण हात पर्नसक्ने भएकाले अनुसन्धानको नियमित प्रक्रिया अन्तरगत नै डीएफएलमा पठाएका हौं', कास्की प्रहरीका एक अधिकृतले भने।कास्की प्रहरीले लामिछानेलाई गएको शुक्रबार जिल्ला अदालत उपस्थित गराएर सहकारी ठगी र संगठित अपराधमा अनुसन्धानका लागि सात दिन म्याद लिएको थियो। सात दिनमा अनुसन्धान र बयान लगायतका प्रक्रिया नसकिएपछि फेरि म्याद थपका लागि अदालत उपस्थित गराउनुपर्छ।

तर, सात दिनपछि तिहार विदा सुरु हुने भएकाले अदालत खुलेको पहिलो दिन उनलाई उपस्थित गराउने प्रहरी तयारी छ। प्रहरीले लामिछानेलाई २ कात्तिकमा काठमाडौंबाट पक्राउ गरेर कास्की लगेको थियो। सूर्यदर्शन सहकारीमा बचतकर्ताको रकम अनियमितता भएको प्रकरणमा १६ असोज २०८० पूर्वअध्यक्ष जीबी राई, उनका दाजु भूपेन्द्र राई, अध्यक्ष थानबहादुर बुढा लगायत १९ जना विरुद्ध कास्की अदालतमा मुद्दा दर्ता भएको थियो। पीडितहरूले २२ माघ २०८० मा रास्वपा सभापति लामिछानेसहित १८ जना विरुद्ध कास्की प्रहरीमा फेरि पूरक जाहेरी दिए। त्यहीबीचमा गठन गरेको संसदीय छानबिन समितिले पनि उनलाई कारबाही सिफारिस गरेपछि लामिछाने पक्राउ परेका थिए।

# ४ सय ५८ परिवार बाढीपीडितले पाएनन् राहत

**अवधेशकुमार झा**

राजविराज, ११ कार्तिक। सप्तरीको तिलाठी कोईलाडी गाँउपालिका–५ को वडा कार्यालयले बाढी प्रभावितहरुको नाम टुंगो लगाउन नसक्दा ४ सय ५८ परिवारको लागि आएको राहत रकम फिर्ता भएको छ। उनीहरूका लागि प्रति परिवार १५ हजार रुपैयाँका दरले राहत रकम ६८ लाख ७० हजार रुपैयाँ प्राप्त भएको थियो। तर वडा कार्यालयले उक्त राहत रकम पाउने परिवारको टुंगो लगाउन नसक्दा फर्ता भएको हो।

कोसी नदीको किनारमा रहेको यो वडाका बासिन्दा तिलाठी कोईलाडी गाँउपालिकाकै सबैभन्दा बढी बाढी प्रभावित वडा हो। टिकुलिया,बनरझुला लगायतका गाउँ कोसीको पश्चिमी तटबन्धसंगै टाँसिएको छ। गत असोज ९ गतेदेखि १२ गतेसम्म अबिरल वर्षाबाट प्रभावित हुन सक्ने परिवारलाई युनिसेफले तिलाठी कोईलाडी गाउपालिकाको कुल ८ वटा वडामध्ये वडा नं. ५ र ४ मा यकिन गरी १५ हजारका दरले प्रतिपरिवार राहत दिन पत्राचार गरेको थियो।

सोही पत्र बमोजिम तिलाठी कोईलाडी गाउँपालिका–५ मा स्वयंसेवक परिचालन गरी वास्तविक बाढीपीडितको नामावली संकलन गराएको थियो। उक्त वडामा ६ सय ५७ जनाको नाम संकलन भएको थियो। तर वडाभित्रको अति बाढीप्रभावित टिकुलिया र बनरझुलाका पीडितहरुको नाम भने उक्त सुचीमा पूर्णरुपमा समावेश गरिएको थिएन। युनिसेफले ४ सय ५८ पीडित परिवारलाई मात्र नगद १५ हजार दिन सक्ने बताए पछि वडाध्यक्ष ललनप्रसाद राउतले भने दिने भए आफ्नो वडाका सबै १ हजार ४ सय ७० घरधुरीलाई नै दिनुपर्ने भन्दै अडान लिएका थिए।

'वडाध्यक्षलेवडाभित्रका सबै१ हजार ४ सय ७० परिवारलाई नै १५ हजारका दरले दिनुपर्ने बताएपछि त्यो सम्भव थिएन,' युनिसेफका अशोककुमार झाले भने,'त्यसकारण तिलाठी कोईलाडी–५ मा १५ हजार नगद राहत बितरण गर्ने कार्य गर्न सकिएन।'

तिलाठी कोईलाडी गाउँपालिका–५ का वडाध्यक्ष ललनप्रसाद राउतले वास्तविक पीडितहरु ४ सय ५७ भित्रपर्ने अवस्था नदेखिएपछि आफूले ४ सय ५७ परिवारलाई मात्र बितरण गर्ने गरी निर्णय गर्न नसकेको स्वीकारे।

'कि त सबै घरधुरी १ हजार ४ सय ७० लाई नै दिनुपर्थ्यो वा सबै वास्तविक पीडितलाई दिन सक्नुपर्थ्यो, थोरैलाई दिएर अपजसको भागी म बन्न चाहिन। त्यसैले उक्त रकम वितरण गर्ने अनुमति दिन सकिएन,' वडाध्यक्ष राउतले भने। उनले भने, '४ सय ५७ नै टुंगो लगाउन मैले २४ घण्टा समय मागे, युनिसेफले सो समय पनि नदिएपछि मैले केही गर्न सकिन।'

यता वडा कार्यालय र गाउँपालिकाको अक्रमन्यताका कारण बाढीपीडित परिवारलाई बितरण गर्न आएको ६८ लाख ७० हजार रुपैयाँ पिर्ता गएको भन्दै स्थानीय बासिन्दाहरु आन्दोलित भएका छन्।

# क्यान्सर उपचार निःशुल्क हुने

काठमाडौं, ११ कार्तिक। सरकारी अस्पतालमा १४ वर्षमुनिका बालबालिकाको क्यान्सर रोगको उपचार निःशुल्क हुने भएको छ। स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले आज मन्त्रीस्तरीय निर्णय गरेअनुसार कान्ति बाल अस्पताल काठमाण्डौ, भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर र बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल चितवनमा निःशुल्क उपचार हुने भएको हो। आउँदो मङ्सिर १ गतेदेखि निर्णय लागू हुने गरी व्यवस्था मिलाइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। मन्त्री पौडेलले पदबहाली गरेलगत्तै बालबालिकाको क्यान्सर उपचार सेवा निःशुल्क बनाउन पहल थालेको थियो।

सरकारले हरेक व्यक्तिलाई उपचारका लागि दिने रकममा अपुग भए मन्त्रालयको आन्तरिक स्रोतबाट व्यवस्थापन गरिने प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए। नेपालमा हुने कुल मृत्युमध्ये ७१ प्रतिशत मृत्यु नसर्ने रोगका कारण हुने गरेको छ। त्यसमध्ये ११ प्रतिशतको क्यान्सरका कारण ज्यान जाने गरेको मन्त्रालयअन्तर्गतको इपिडिमियालोजी तथा रोग नियन्त्रण महाशाखाद्वारा सार्वजनिक तथ्याङ्कमा उल्लेख छ। नेपालमा सन् २०२२ मा २२ हजार नयाँ बिरामी देखिएकामा १४ हजार बढीले ज्यान गुमाएका पाइएको छ। नेपालमा हरेक वर्ष करिब १५ सय बालबालिकामा क्यान्सर देखिने गरेको महाशाखाले जनाएको छ।




D.B. RAJ ATO CENTER, GOLBAZAR
9852832528, 9817790910, 9814785685, 9842125310

## डेंगी रोग बाट कसरी बच्ने ?

लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छः–

- पुरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- सांझ र विहान करेशाबारीमा जादा, घर बाहिर टहलिंदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

**गोलबजार नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गोलबजार, सिरहा**
मधेश प्रदेश, नेपाल

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)